नेपाल सरकार
गृह मन्त्रालय
# सशस्त्र प्रहरी बल नेपाल
## नं. २३ गण हे.क्वा.मनकामना तनहुँ

फोन नः- ९८५१२७२०९९
फ्याक्सः- ०६५-५८०१५४
Email. apfmanakamana.btn @ gmail.com

प्रबन्ध शाखा
भानु-२, तनहुँ

पत्र संख्या :- (०८०।०८१)/ ९०७४

मिति :-२०८१/०१/२८ गते ।
ने.स.११४४ बछलाथ्व २ शुक्रबार

श्री मानकी देवी कवाडी पसल,
डुम्रे, तनहुँ। (सबै भन्दा बढी कबोल गर्ने सारभुत रुपमा प्रभावग्रही)

बिषयः- बोलपत्र छनौट गर्ने आशयको पत्र सम्बन्धमा ।

उपरोक्त बिषयमा सशस्त्र प्रहरी बल, नेपाल नं. २३ गण हे.क्वा.मनकामना तनहुँमा रहेका लिलाम बिक्री गर्ने निर्णय भएका पुराना जिन्सी सामानहरु तथा सवारी साधनहरु सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री प्रयोजनको लागि नियमानुसार लाग्ने कर बाहेक न्युनतम मूल्य रु. ४,९९,९३१.०० (अक्षेरुपी चाल लाख उनान्सय हजार नौ सय एकतीस मात्र) कायम गरी मिति २०८१।०१।१० गते दिन १५ (पन्ध्र) म्यादको सिलबन्दी बोलपत्र आह्वानको सूचना लोकवाणी राष्ट्रिय दैनिक पत्रिका तथा सशस्त्र प्रहरी बल नेपालको "WebSit www.apf.gov.np" मा प्रकाशित भए अनुसार बोलपत्र खरिद गर्ने अन्तिम दिन मिति २०८१।०१।२४ गते कार्यालय समय भित्र बिक्री भएका बोलपत्र फारम थान- ४ (चार) मध्ये मिति २०८१।०१।२५ गते १२:०० बजे भित्र यस कार्यालयमा रीतपूर्वक दर्ता भएका सिलबन्दी बोलपत्र फाराम थान- ३ (तीन) मिति २०८१।०१।२५ गते दिनको २:०० बजे खोली मूल्याङ्कनका सबै आधारहरु पुरा गरे पश्चात श्री मानकी देवी कवाडी पसल डुम्रे तनहुँले कबोल गरेको उक्त पुराना जिन्सी सामानहरु तथा सवारी साधनहरुको मू.अ.कर बाहेकको रकम रु. ५,०५,०००.०० (अक्षेरुपी पाँच लाख पाँच हजार मात्र) मूल्याङ्कन समितिबाट छनौट भई लिलाम बिक्रीको लागि सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को परिच्छेद ३ को दफा २७ को उपदफा २ बमोजिम यो आशयको सूचना निकाली सम्बन्धित सबै बोलपत्रदाताहरुलाई यसै पत्रद्धारा जानकारि गराईन्छ । सूचनामा उल्लेखित पुराना जिन्सी सामानहरु तथा सवारी साधनहरुको सम्बन्धमा यस कार्यालयमा रीतपुर्वक दर्ता भएका सिलबन्दी बोलपत्र फाराम थान – ३ (तीन) मिति २०८१।०१।२५ गते दिनको २:०० बजे खोली मूल्याङ्कनका सबै आधारहरु पुरा गरे पश्चात श्री मानकी देवी कवाडी पसल डुम्रे तनहुँले कबोल गरेको मू.अ.कर बाहेकको रकम रु. ५,०५,०००.०० ।- (अक्षरुपी पाँच लाख पाँच हजार मात्र) बोलपत्र मूल्याङ्कन समितिबाट छनौट भई लिलाम बिक्रीको लागि सारभुतरुपमा प्रभावग्राही देखिएको हुँदा ७ (सात) दिनको म्याद दिई यस कार्यालयमा सम्झौता गर्न आउन हुनको लागि अनुरोध गरिएको छ ।

साथै यस आशय सूचना उपर चित्त नबुझेमा सम्बन्धित व्यक्ति फर्म संस्था वा कम्पनीहरुले ७ (सात) दिन भित्र यस कार्यालयमा लिखित निबेदन दर्ता गर्न हुन अनुरोध गरिएको छ । अन्यथा माथी उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत भई जाने व्यहोरा समेत जानकारीको लागि अनुरोध गरिएको छ ।

(कृष्ण राज अधिकारी)
सशस्त्र प्रहरी उपरीक्षक
गणपति

बोधार्थ
श्री मनोज कुमार शाह तेली डुम्रे,तनहुँ ।
श्री लक्ष्मी शाह तेली डुम्रे,तनहुँ ।